गाउँ कार्यपालिकाको १७ (सत्रौ) बैठक / २०८२/०८३

मिति : २०८२ साल बैशाख २३ गते बुधबार
अध्यक्षता : श्री किरण राई ( गाउँपालिका अध्यक्ष )

समय : बिहान : ७ :३० बजे
स्थान : पौवादुङमा गाउँपालिका

उपस्थिती

| क. सं. | पदाधिकारीको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | किरण राई | अध्यक्ष | |
| २ | ज्योत्सना राई | उपाध्यक्ष | |
| ३ | राजेन्द्र तामाङ | सदस्य | |
| ४ | हरेन्द्र बहादुर पौडेल | सदस्य | |
| ५ | तिर्थ बहादुर कार्की | सदस्य | |
| ६ | रमेश राई | सदस्य | अनुपस्थित |
| ७ | बोम प्रसाद राई | सदस्य | — " — |
| ८ | दक्ष कुमार राई | सदस्य | — " — |
| ९ | पोसी शेर्पा | सदस्य | |
| १० | ईन्दिरा भट्टराई | सदस्य | |
| ११ | पवित्र भुजेल | सदस्य | |
| १२ | लक्ष्मी तामाङ के. सी. | सदस्य | अनुपस्थित |
| १३ | अमित देवी राई | सदस्य | |
| १४ | गोमा बोहोरा (सार्की) | सदस्य | अनुपस्थित |
| १५ | नविन भट्टराई | सदस्य सचिव | |

सचिवालय सहयोगी कर्मचारी

१. बैठक व्यवस्थापन तथा माईन्यूट सहयोगी श्री बुद्धिमान तामाङ

प्रस्तावहरु

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा ।
२. बिशेष अनुदान अन्तरगत भएको ठेक्का सम्वन्धमा ।
३. स्वास्थ्य भवन वडा नं. २ र ३ को ठेक्का सम्वन्धमा ।
४.बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सम्वन्धमा ।
५. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट व्यक्त भएको प्रतिबद्धता सम्वन्धमा ।
६. Stone Crushing Unit सञ्चालनका लागि प्राप्त निवेदन सम्वन्धमा ।
७. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट निर्माण कार्यको प्रगती स्रोत परिचालन एवं आयोजना सञ्चालन सम्वन्धी निर्देशन सम्वन्धमा ।
८. सामाजिक विकास मन्त्रालयको WASH सहितको शौचालय निर्माण कार्यक्रमको विद्यालय छनौट सम्वन्धमा ।
९. जिल्ला प्रशासन कार्यालयबाट सरकारी तथा सार्वजनिक जग्गाहरुको अतिक्रमण विषयको पत्रको सम्वन्धमा ।
१०. टक्सार क्यास्केट पावर प्रा. लि. को उद्योग दर्ता सिफारिस सम्वन्धमा ।
११. मानेडाँडा अस्पताल व्यवस्थापन तर्फ आएको रकम खर्च गर्ने सम्वन्धमा ।
१२. अन्य विविध प्रस्ताव सम्वन्धमा ।

नविन भट्टराई
प्रशासकीय अधिकृत

किरण राई
अध्यक्ष

मिति २०८३ साल बैशाख २३ मा सम्पन्न १७ (सत्रौ) कार्यपालिका बैठकबाट पारीत निर्णयहरु :

निर्णय नं. १

गाउँ कार्यपालिकाको सोह्रौं बैठकबाट पारीत निर्णयहरु कार्यान्वयनको सन्दर्भमा समिक्षात्मक छलफल भई जानकारी भयो ।

निर्णय नं. २

गाउँपालिकाको बार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि सामाग्री ( प्लाष्टिक मल्चिङ्ग, प्लाष्टिक टनेल तथा प्लाष्टिक पोखरी ) खरिद प्रक्रियाको लागि कार्यालयले माग गरेको बोलपत्र बमोजिम बोलपत्र पेश गर्ने केडिया कन्स्ट्रक्शसन हाउस विराटनगर ५, मोरङ्गले विश्वव्यापी रुपमा विकसित असामान्य परिस्थिती (मध्यपूर्वको द्वन्दको कारण पेट्रोकेमिकल आपूर्ति) तथा अनियन्त्रित मूल्य बृद्धिको कारण बोल कबोल गरे अनुसारको कृषि सामाग्रीहरु खरिद गरी सप्लाई गर्न असमर्थ भएको व्यहोरा जानकारी प्राप्त भएको छ ।

सेवा प्रदायक बोलपत्रदाताले पेश गरेको विवरण तथा कार्यालयबाट पेश भएको कागाजातहरु अध्ययन गरी निज बोलपत्रदाताबाट सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ र कार्यालयसँग भएको सम्झौताको शर्तहरु पूर्णरुपमा पालना नगरी कार्यालयले ताकेता गर्दा समेत समयभित्र खरिद सम्झौता गर्न नआएको हुँदा कबोल अंक रु. ६१,३८,००१।- को धरौटी वापतको रु. १,७०,०००।- (एकलाख सत्तरी हजार रुपैयाँ) जफत गरी कार्यालयको आन्तरीक राजश्व खातामा जम्मा गर्ने र उक्त केडिया कन्स्ट्रक्शन हाउस बिराटनगर ५ को फर्मलाई १ बर्षको लागि कालोसूचिमा राख्न आवश्यक कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखि पठाउने र उक्त शिर्षकको बजेटबाट थप मिनिटीलर खरिदका लागि नियमानुसार बोलपत्र आह्वान गर्ने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. ३

पौवादुङमा गाउँपालिका अन्तरगत निम्न स्वास्थ्य चौकीको अधुरो रहेको भवन निर्माणका लागि एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम अन्तरगत मन्त्रालयबाट प्राप्त बजेटबाट थप भवन निर्माणका लागि गाउँपालिकाबाट नियमानुसार ठेक्का आह्वान गरिएकोमा बोलपत्रदाताको प्रारम्भिक कबोल अंक स्वीकृत लागत अनुमान भन्दा ८.३६% प्रतिशत बढी अर्थात प्रारम्भिक कबोल अंक रु. ७४,९४,९५३।- (चौरहत्तर लाख चौरानब्बे हजार नौ सय त्रिपन्न रुपैयाँ) कायम हुन आएकोले प्राप्त बोलपत्रहरु सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(१)(ख) बमोजिम लागत अनुमान भन्दा सारभूत रुपमा बढी भएको अवस्थामा सार्वजनिक निकायले बोलपत्र अस्वीकृत गर्न वा खरिद कारबाही रद्द गर्न सक्ने व्यवस्था रहेको तथा सार्वजनिक खरिद ऐन, २०६३ लाई संशोधन गर्न बनेको अध्यादेश, २०८३ को दफा २७ (१) (ग) बमोजिम न्यूनतम मूल्याङ्कित सारभूत रुपमान प्रभावग्राही बोलपत्रदातासंग बार्ता गरी बोल कबोल अंकमा ८.५% प्रतिशत घटाई (PSITEN बाहेक) रु. ६८,६७,६९७- (अठ्साट्ठी लाख सठ्साट्ठी हजार छ सय सन्तानब्बे रुपैयाँ) स्वीकृत गर्ने सर्व सम्मत निर्णय गरियो ।

निम्न

(क) २ नं. वडा तिवारीभन्ज्याङ्ग स्वास्थ्य चौकी भवन निर्माण (बर्थिङ्ग सेन्टर)

(ख) ३ नं. वडा च्याङ्ग्रे स्वास्थ्य चौकी भवन निर्माण (बर्थिङ्ग सेन्टर)

निर्णय नं. ४

संघीय शसर्त अनुदान तर्फको आ. व. ०८२/०८३ को स्वीकृत कार्यक्रम तर्फको आन्तरीक रोजगारी प्रवर्द्धनका लागि बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई उद्यमशिलता प्रवर्द्धन कार्यक्रम अन्तरगत विनियोजित बजेट रु. १,००,०००।- र राष्ट्रिय रोजगार प्रवर्द्धन साझेदारी कार्यक्रमबाट रु. १,४०,०००।- गरी जम्मा रु. २,४०,०००।- (दुई लाख चालिस हजार) बराबरको सो सम्वन्धी कार्यक्रम संचालन गरिएकोमा उक्त कार्यक्रम तथा सोका लागि भएको खर्च रकम अनुमोदन गर्ने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. ५

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट भूमि सम्वन्धी जग्गा नापजाँच, जग्गा रजिष्ट्रेशन पास लगायतको सम्पूर्ण काम स्थानीय तहबाटै हुने प्रतिवद्धता पत्र सम्वन्धित मन्त्रालयमा लेखि पठाउने सर्व सम्मत निर्णय गरियो ।

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

किरण राई

निर्णय नं. ६

पौवादुङमा गाउँपालिकाको निम्न गौरवको आयोजनाहरु यसै चालू आ. व. २०८२/०८३ मा सम्पन्न गर्ने गरी कार्यालयबाट सार्वजनिक खरिद प्रक्रिया मार्फत निर्माण कार्य अगाडी बढाईएकोमा आयोजनामा आवश्यक पर्ने निर्माण सामाग्रीहरु बाह्य श्रोतबाट ढुवानी गर्दा लागत, समय तथा कार्यप्रगतिमा प्रतिकुल प्रभाव पर्ने देखिएकोले सम्वन्धित बोलपत्रदाताको माग अनुसार गाउँपालिकाले तोकेको आर्थिक ऐन बमोजिमको राजश्व तथा सेवा शुल्क गाउँपालिकामा दाखिला गर्ने गरी कुनै पनि सार्वजनिक निकाय, निजी सम्पत्ति, सडक संरचना, बन क्षेत्र, खानेपानी मुहान, नदिनाला लगायतका प्राकृतिक बाताबरणीय रुपमा प्रतिकुल असर नपर्ने गरी नितान्त आयोजना निर्माण कार्य अवधीभरका लागि मात्र निर्माण सामाग्रीहरु उत्पादन गर्न अस्थायी Site Crushing Plant स्थापना तथा सञ्चालनका लागि अनुमति प्रदान गर्ने सर्व सम्मत निर्णय गरियो ।

(क) च्याङ्ग्रेदेखि डिपबोरिङ्ग सम्मको पञ्चकन्या कृषि स्तरोन्नती कालोपत्रे

(ख) डिपबोरिङ्ग देखि बास्तीम सम्मको पञ्चकन्या कृषि स्तरोन्नती कालोपत्रे

निर्णय नं. ६

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट प्राप्त निर्माण कार्यको प्रगती, स्रोत परिचालन एवं आयोजना सञ्चालन सम्वन्धी निर्देशन बैठक समक्ष पेश भई जानकारी भयो ।

निर्णय नं. ७

कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय WASH सहितको शौचालय निर्माण कार्यक्रम अन्तरगत तोकिए बमोजिमको मापदण्ड अनुसारको बिद्यालय श्री राधाकृष्ण माध्यमिक बिद्यालय रहेकोले उक्त कार्यक्रम संचालनको लागि सोहि बिद्यालयलाई छनौट गरी निर्माण प्रक्रिया अगाडी बढाउने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. ८

पौवादुङमा गाउँपालिका अन्तरगत वडा नं. ४ स्थित अखुवा खोला दोभान, बेलबोटेमा टक्सार क्यास्केट पावर प्रा. लि. द्वारा सुपर टक्सार पिखुवा जलबिद्युत आयोजना (९.५ मे.वा.) बिद्युत उत्पादनका लागि सर्वेक्षण अनुमती सहित उद्योग दर्ता सिफारिस माग भई आएको हुँदा कुनै पनि सार्वजनिक निकाय, निजी सम्पत्ति, सडक संरचना, बन क्षेत्र, खानेपानी मुहान, नदिनाला लगायतका प्राकृतिक बाताबरणीय रुपमा प्रतिकुल असर नपर्ने गरी बिद्युत उत्पादन गर्नको लागि उद्योग दर्ता प्रयोजनार्थ सिफारिस उपलव्ध गराउने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. ९

पौवादुङमा गाउँपालिका अन्तरगत वडा नं. ४ स्थित मानेडाँडा अस्पताल व्यवस्थापनका लागि सङ्घीय अनुदानबाट प्राप्त रु. ४७,९५,०००।- रकमबाट निम्न क्रियाकलापमा खर्च गर्ने गरी प्रक्रिया अगाडी बढाउने र उक्त अनुसारको शिर्षक कायम गरी अनुमोदनका लागि गाउँसभा समक्ष पेश गर्ने सर्व सम्मत निर्णय गरियो ।

देहाय :

(क) अस्पतालको लागि आवश्यक स्वास्थ्य सामाग्री खरिद गर्ने रु. २०,००,०००।-

(ख) अस्पतालको भौतिक निर्माणका लागि रु. २०,००,०००।-

(ग) अस्पताल व्यवस्थापन तथा अन्य विविध खर्च रु. ७,९५,०००।-

निर्णय नं. १०

२०८२ चैत्र ६ गतेका दिन स्थगीत गरिएको १८ औं गाउँसभा (हिउँदे अधिवेशन) को तेश्रो बैठक यहि २०८३ जेष्ठ १२ गते मंगलबार दिनको ठिक ११:०० बजे गाउँपालिकाको सभाहलमा गर्ने गरी आह्वान गर्ने सर्व सम्मत निर्णय गरियो ।

प्रस्तुत प्रस्ताव माथिको छलफल समाप्त भएकोले आजको बैठक समापन गरियो ।

नविन [illegible] राई
प्रमुख प्रशासकीय अधिकृत

किरण राई